apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्ष: १२ ● अंक: १३७ ● पृष्ठ: ४ ● २१ जेठ २०८३ विहिबार (04 June 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## अनुगमनको खबर फैलिनासाथ मिर्चैया बजारका पसल बन्द, बजारमा के लुकाइँदै थियो ?

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २० गते**



सिरहाको मिर्चैया बजारमा सरकारी अनुगमन टोली प्रवेश गर्नासाथ अधिकांश व्यापारिक प्रतिष्ठान बन्द भएपछि बजारको व्यवसायिक पारदर्शिता, उपभोक्ता अधिकार र कानुनी पालनामाथि गम्भीर प्रश्न उठेको छ। वाणिज्य तथा आपूर्ति संरक्षण कार्यालयको नेतृत्वमा भएको अनुगमनका क्रममा बजारका थुप्रै होलसेल तथा खुद्रा पसल अचानक बन्द भएपछि स्थानीयवासी र उपभोक्तामाझ चासो बढेको हो।

वाणिज्य तथा आपूर्ति संरक्षण कार्यालय, वीरगञ्जबाट खटिएको टोलीले मंगलबार मिर्चैया बजार क्षेत्रमा अनुगमन थालेको थियो। टोलीमा कार्यालयका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय सिरहाका कर्मचारी, रामनगर मिर्चैया उद्योग वाणिज्य संघका पदाधिकारी तथा सुरक्षाकर्मीको सहभागिता रहेको थियो।

अनुगमनका क्रममा बजारमा बिक्री-वितरण भइरहेका वस्तुको गुणस्तर, मूल्यसूची, लेबलिङ, उत्पादन विवरण, ट्रेडमार्क प्रयोग तथा प्रचलित कानुनी मापदण्डको पालना भए-नभएको विषयमा निरीक्षण गरिएको थियो। तर अनुगमन सुरु भएलगत्तै धेरै व्यापारिक प्रतिष्ठान बन्द भएपछि बजारमा शंका र चर्चा दुवै बढेका छन्।

अनुगमन टोलीका अनुसार केही उद्योग तथा व्यवसायीले अन्य कम्पनीका उत्पादनको नक्कल, लोगो तथा ट्रेडमार्कको दुरुपयोग गरेको भन्ने उजुरी प्राप्त भएपछि सत्यतथ्य बुझ्न विशेष अनुगमन गरिएको हो। टोलीले खुला रहेका पसल तथा गोदाममा निरीक्षण जारी राख्दै आवश्यक कागजात समेत अध्ययन गरेको जनाएको छ।

स्थानीयवासीका अनुसार सरकारी अनुगमन हुने जानकारी बजारमा फैलिनासाथ कतिपय व्यवसायीहरूले हतारहतार पसल बन्द गरेका थिए। यसले बजारमा गुणस्तरहीन, मापदण्डविपरीत वा शंकास्पद वस्तुको कारोबार भइरहेको हो कि भन्ने आशंका पैदा गरेको छ।

उपभोक्ता अधिकारकर्मीहरूका अनुसार अनुगमनबाट भाग्ने प्रवृत्तिले बजारमा कानुनी पालना

बाँकी पृष्ठ ३

## मधेशका १६ प्रतिशत बालबालिकामा कुपोषण

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २० गते**



मधेश प्रदेशमा १६ प्रतिशत बालबालिकामा कुपोषणको समस्या देखिएको छ। स्वास्थ्य निर्देशनालय, मधेश प्रदेशले १३६ स्थानीय तहमध्ये १३३ स्थानीय तहमा गरिएको पोषण अवस्थाको परीक्षणमा दुई लाख ८३ हजार ३०८ बालबालिकाको स्वास्थ्य अवस्था मूल्यांकन गरेको थियो। जसमध्ये ३५ हजार ८८३ जना कुपोषित, ८ हजार ७७१ जना शीघ्र कुपोषित र दुई लाख ३३ हजार १८२ जना सामान्य अवस्थामा रहेका तथ्यांकमा उल्लेख छ।

बाँकी पृष्ठ ३

## थप १६ सुकुमवासी परिवारलाई लहान नगरपालिकाले दियो पक्की घर

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २० गते**

लहान नगरपालिकाले बुधबार १६ दलित सुकुम्बासी परिवारलाई पक्की घर प्रदान गरेको छ। लहान-२१ बेतहा गाउँका १६ दलित सुकुमवासी परिवारलाई बुधबार नगरपालिकाले बनाएको पक्की घर हस्तान्तरण गरेको हो।

घर पाउनेमा अति विपन्न मानिने मुसहर, रामलगायतका समुदायका रहेको लहान नगरपालिकाले जनाएको छ। उनीहरू यसअघि फुसको घरमा बस्दै आएका थिए। नगरपालिका र हेविटेट फर ह्युम्यानिटी नेपालको संयुक्त लगानीमा बनेका यी घरहरूमा २ वटा बस्ने कोठा र एउटा भान्सा कोठा छन्। घरमाथि जस्ता हालिएको छ भने तल बाँसको प्रयोग गरी

बाँकी पृष्ठ ४

## मधेशका मुख्यमन्त्री र जसपा नेपालका सांसदबीच झन्डै हात हालाहाल

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ २० गते**




मधेश प्रदेशमा संवैधानिक निकाय जनलोकपाल आयोग र प्रदेश लोक सेवा आयोगमा सदस्यको नियुक्ति विवादले उग्ररूप लिएको छ।

नीति तथा कार्यक्रममाथिको संशोधन प्रस्तावमाथि छलफल हुने कार्यसूची रहे पनि यही विषयलाई लिएर विपक्षी सांसदहरूले बैठक अवरुद्ध गरेका हुन्।

बैठक सुरु भएसँगै विपक्षी दलहरूको तर्फबाट जसपा नेपालका सांसद सञ्जयकुमार यादवले प्रतिपक्षी दल र सभामुखलाई छलेर यी दुई आयोगमा गरिएको नियुक्ति ऐनविपरीत भएकाले तत्काल खारेज गर्नुपर्ने बताए। साथै मुख्यमन्त्रीले माफी माग्नुपर्ने अडान राख्दै विपक्षीहरूले बैठक अवरुद्ध गरेका थिए। सुरुमा १० मिनेटका लागि स्थगित भएको बैठक पटकपटक सहमति हुन नसकेपछि अनिश्चितकालका लागि स्थगित गरिएको छ।

सहमति खोज्न प्रयासका लागि संसदीय दलका नेताहरूबीचको बैठकमा मुख्यमन्त्री कृष्णप्रसाद यादव र जसपा नेपालका सांसद एवं पूर्व अर्थमन्त्री सञ्जयकुमार यादवबीच चर्काचर्की भएको थियो।

बैठकमा सहभागी एक सांसदका

बाँकी पृष्ठ ४

## सिरहामा ब्राउन सुगरसहित एक युवक पक्राउ, फरार मोटरसाइकल चालकको खोजी जारी

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २० गते**



सिरहामा प्रहरीले ब्राउन सुगर जस्तो देखिने लागुऔषधसहित एक युवकलाई पक्राउ गरेको छ। नियमित सवारी चेकजाँचका क्रममा पक्राउ परेका युवकविरुद्ध लागुऔषध सम्बन्धी कसुरमा अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सोमबार साँझ करिब ८:३० बजे सिरहा नगरपालिका-१४ स्थित सिरहा-माडर सडकखण्डमा प्रहरी चौकी खिरौनाबाट खटिएको गस्ती टोलीले शंकास्पद मोटरसाइकल रोकेको थियो। प्रहरीलाई देख्नासाथ मोटरसाइकल चालक भने फरार भएका थिए।

मोटरसाइकलको पछाडि सवार रहेका सिन्धुलीको फिक्कल गाउँपालिका-६ निवासी २८ वर्षीय खेम बहादुर कार्कीलाई नियन्त्रणमा लिएर खानतलासी गर्दा उनको पाइन्टको गोजीमा लुकाइराखिएको अवस्थामा ब्राउन सुगर जस्तो देखिने खैरो पदार्थ फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बरामद गरिएको पदार्थको तौल प्लास्टिकसहित २० ग्राम ३७० मिलिग्राम रहेको छ भने प्लास्टिक हटाउँदा १४ ग्राम ३४० मिलिग्राम रहेको छ।

पक्राउ परेका कार्कीविरुद्ध लागुऔषध सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको छ। यसका लागि सिरहा जिल्ला अदालतबाट चार दिनको म्याद

बाँकी पृष्ठ ३

**पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं**

- धारा खुला छोड्ने बानी त्यागौं।
- वर्षाको पानी संकलन र पुन:प्रयोग प्रणाली अपनाऔं।
- नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं।
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं।
- प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं।
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं।
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं।

**पानी जीवन हो-यसको संरक्षण हाम्रो कर्तव्य हो।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

# सम्पादकीय...

## सिरहा नगरपालिकोको गतिरोध अन्त गर

सिरहा नगरपालिका प्रशासनिक अन्योलता र राजनीतिक गतिरोधको चपेटामा परेको छ। प्रमुख प्रशासकीय अधिकृतको अभाव, जनप्रतिनिधिहरूबीच बढ्दो असन्तुष्टि तथा वडा अध्यक्षहरूले कार्यपालिका बैठकको माग गर्दै लेखा शाखामा गरेको तालाबन्दीले नगरपालिकाको नियमित कामकाज प्रभावित बनेको छ। चालू आर्थिक वर्ष २०८२/०८३ को अन्त्य नजिकिँदै गर्दा यस्तो अवस्था सिर्जना हुनु चिन्ताको विषय हो।स्थानीय तहको वार्षिक योजना कार्यान्वयन, विकास आयोजनाको भुक्तानी, कर्मचारीको तलब वितरण, राजस्व व्यवस्थापन तथा अन्य प्रशासनिक कार्यहरू समयमै सम्पन्न हुन नसके जनताले प्रत्यक्ष रूपमा सास्ती भोग्नुपर्ने हुन्छ। अझ महत्वपूर्ण कुरा, आगामी आर्थिक वर्ष २०८३/०८४ कोलागि नीति तथा कार्यक्रम निर्माण, बजेट तर्जुमा र योजनाको प्राथमिकता निर्धारण गर्ने समय यही हो। यतिबेला नगरपालिकाको सम्पूर्ण ध्यान आगामी वर्षको तयारीमा केन्द्रित हुनुपर्ने हो। तर, सिरहा नगरपालिकाको समय विवाद र तालाबन्दीमा खर्च भइरहेको देखिन्छ।

वडा अध्यक्षहरूको असन्तुष्टि र कार्यपालिका बैठकको मागलाई सामान्य रूपमा लिन मिल्दैन। स्थानीय सरकार सञ्चालन ऐनले कार्यपालिका बैठकलाई निर्णय प्रक्रियाको मुख्य आधार मानेको छ। नियमित बैठक नबस्ने, जनप्रतिनिधिहरूका कुरा नसुनिने वा प्रशासनिक नेतृत्वको अभावमा निर्णय प्रक्रिया अवरुद्ध हुने अवस्था लोकतान्त्रिक अभ्यासको दृष्टिले पनि उचित होइन। त्यसैले सम्बन्धित पक्षले उठाएका विषयलाई संवादमार्फत समाधान खोज्नु आवश्यक छ। तर, असन्तुष्टि जतिसुकै जायज भए पनि लेखा शाखामा तालाबन्दी गर्नु दीर्घकालीन समाधान होइन। यसले जनप्रतिनिधि र प्रशासनबीचको दूरी अझ बढाउने मात्र होइन, आम नागरिकलाई सेवा प्राप्त गर्नबाट समेत वञ्चित बनाउँछ। विकास निर्माणका भुक्तानी रोकिँदा उपभोक्ता समिति, निर्माण व्यवसायी तथा सेवाग्राही सबै प्रभावित हुन्छन्। अन्ततः यसको नकारात्मक असर नगरवासीमाथि नै पर्छ।

यस समस्याको पहिलो निकास संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तत्काल सक्षम प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गर्नु हो। स्थानीय तहको प्रशासनिक नेतृत्व रिक्त रहनु स्वयंमा गम्भीर विषय हो। नेतृत्व अभावले निर्णय प्रक्रिया प्रभावित हुनु स्वाभाविक हो। नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू तथा सम्बन्धित प्रशासनिक पक्षबीच तत्काल सर्वपक्षीय छलफल गरी कार्यपालिका बैठक बोलाइनुपर्छ। बैठकमार्फत विवादका विषयमा स्पष्ट निर्णय र कार्ययोजना बनाउनु आवश्यक छ। राजनीतिक आग्रहभन्दा माथि उठेर नगरपालिकाको संस्थागत हितलाई प्राथमिकता दिनुपर्छ। स्थानीय सरकार कुनै व्यक्ति वा समूहको होइन, सम्पूर्ण नगरवासीको साझा सरकारी कार्यालय हो। त्यसैले व्यक्तिगत वा राजनीतिक असन्तुष्टिलाई संस्थागत संकटमा रूपान्तरण हुन दिनु हुँदैन। सिरहा नगरपालिकामा देखिएको वर्तमान गतिरोधले स्थानीय सरकार सञ्चालनमा समन्वय, संवाद र जिम्मेवारीबोधको महत्व पुनः स्मरण गराएको छ। आर्थिक वर्षको अन्त्यसँगै विकास र बजेट निर्माणका महत्वपूर्ण कामहरू रोकिरहनु कसैको हितमा छैन। अब सबै पक्षले लचकता देखाउँदै संवादको बाटो रोज्नुपर्छ। समयमै निकास ननिस्किए सिरहा नगरपालिकामा प्रशासनिक समस्या मात्र होइन, विकासको अवसर पनि गुमाउनेछ। जनताले विवाद होइन, परिणाम खोजिरहेका छन्। त्यसैले अब ढिलो नगरी समाधानतर्फ अग्रसर हुनु नै सबै पक्षको साझा दायित्व हो।

अपन दैनिक

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

# छुवाछुत मुक्त घोषणाको २१ वर्ष: मधेसी दलितको पिडा



संजय महरा



नेपालमा जातिय छुवाछुत मुक्त घोषण भएको २१ औ वर्ष भइसको छ। नेपालमा राजतन्त्र समाप्ती पश्चात संघिय लोकतान्त्रिक व्यवस्थामा जनता वा नागरिक समान हो भन्ने मूल्य मान्यताको आधारमा २०६३ साल जेष्ठ २१ गते छुवाछुतमुक्त राष्ट घोषणा नेपालको संसदद्धारा घोषणा गरिएको हो। नेपाली समाजमा व्याप्त असमानता र विभेदले जकडिएको समाजमा समानताको र सम्मानका लागि गरिएको घोषणा पूर्णरुपमा कार्यान्वयनका लागि २१ वर्षवितिसक्दा समेत जातिय विभेद र छुवाछुतले झनग्रसित भएको हुदै गईरहको छ। समाजमा अमानवीय तरिकाले जिवन विताईरहेको दलित समुदायको छुवाछुत घोषणाले हर्ष हुने दिन हो भनेर खुसि साटा गर्नुपर्नेमा कागलाई वेल पाएको उखान जस्तै बनेको छ जातिय विभेद तथा छुवाछुत मुक्त दिवस। २१ वर्ष वितिसक्दापनि छुवाछुत मुक्त दिवसको तालमेल र व्यवहारमा मिल्नसकेको छैनन्। घोषणामा मात्र सिमीत रहेकोले यसको कार्यान्वयनमा फितलो भएको देखीन्छ र समाजमा विभेदले ग्रसीत रहेकोले जातिय मानसिकताबाट माथि उठन सकेको छैनन्।

मधेसमा छुवाछुत तथा विभेदको हव र केन्द्र बनेका मधेस प्रदेशमा मन मष्तिस्कले नमानेपनि हामी दलितले समुदायले मनथाती राखेरपनि छुवाछुत मुक्त दिवस बनाउदै छौ। नेपालमा छुवाछुत उन्मूलनका लागि धेरै तालिम, गोष्ठि, सेमीनार नभएको होइनन् तथा छुवाछुतको मानसिकताले ग्रसित समुदायमा हटन सकेको छैन। मधेसमा गैरदलित समुदायको प्रेम विवाहको प्रलोभन देखाई विहेगरेपनि समाजीकरुपमा स्विकार नगरेपछि सप्तरीका सरस्वती पासमान ले आत्महत्या तथा कैयौ हाम्र दलित चेलिवेटी सडमा न्याँयको लागि चहार्दै छन। मधेसमा गैरदलित समुदायको छोराले दलित समुदायको छोरीलाई विवाहको नामम अलपत्र छन भने गैरदलित समुदायको छोरीलाई दलित समुदायको छोराले ले विवाह गरेको वा प्रेम विवाह गरैका कारण दलित पक्षका अभिभावकलाई समेत अपहरण, धाक धम्कि, र पुलिस प्रशासन मार्फत मानसीक पिडा र शारिरीक पिडा भोग्न बाध्य रहको छ। पहाडी दलित समुदाय पनि छुवाछुतबाट मुक्त हुनसकेको छैनन्। २०७७ जेष्ठ १० गते रुकुम पश्क्षिम चौरजहारी ८ मा गाँउलेको कुटाईबाट भरी न.पा. ४ का नवराज विश्वर्कमा सहित ६ जनालाई अन्तरजातिय विवाह गरेकै कारणले मृत्यू भएको हो।

मधेस प्रदेश लगायत देशभरीका दलित समुदायले छुवाछुत दीवसलाई अधिकार दिवसको रुपमा उल्लासपूर्वक मनाउने गर्दछन। भरखरै उल्लाषको साथ देशैभरी गणतन्त्र दिवस मनाएका छन यसलाई पनि दलित समुदायले आफनो मुक्ति र अधिकार तथा संघर्ष बाट उपलव्धि मनाएका छन। माओवादी जनयुद्धमा अग्रपंक्तिमा रहेर ज्यानको पर्वाह नै नगरीकन जनयुद्धमा होमिएका दलित समुदायले आफुले भोगिरहेको विविध पिडा, शोषण,दमन, बहिष्करण जस्ता अन्यायपूर्ण राज्य व्यवस्थाको विरुछ र सम्मान सहीतका जिवन आउनो सन्ततीको सम्मान सहतिको जिवन बाँच्ने सपनाबोकेर गणतन्त्रको लागि शहातद हुनबाट समेत पछि परेनन्। मधेस आन्दोलन र मधेस विद्रोह तथा अग्रगमन लोकतान्त्रिक व्यवस्थाको लागि सदैव आन्दोलनमा अग्रणि मोर्चामा रही दलित समुदाय राष्ट्र र देशको हितमा लडीरहको ईतिहास छ। नेपालमा राणा विरुद्धको आन्दोलन, निर्दलीय व्यवस्था, प्रजातन्त्र र लोकतन्त्रको लागि ज्यानको परवाहनै नगरि लडिरहे व्यवस्था पवितर्नमा लागि र व्यवास्था परिवर्तन भएपनि दलित समुदायको अव्स्थामा परिवर्तन आएनन्। व्यवस्था परिवर्तना भएपनि राज्य सत्का र शक्तिको वलमा सृजित गरिएको जातिय विभेद, छुवाछुत, बहिष्करण, बलात्कार, हत्या, न्याँमा पहँच नहुनु र दलित समुदायमाथि सदैव हथियारको रुपमा प्रयोग गर्दै आईरहेको छ। तर उच्च वर्गको बचाउमा राज्यका संयन्त्रहरुले संरक्षण गर्ने गरिदै आएको हो। राज्यको संयन्त्र र सक्ता र शक्तिमा पुग्नका लागि हथियारको रुपमा सवभन्दा प्यारो तथा सजिलो भरयाडको रुपमा दतिल समुदायलाई प्रयोग गर्दै आएको र प्यारोसमेत लाग्ने गरेको छ।

मधेस प्रदेशमा न्याँय, समानता र मानवअधिकार लागि दलित शसक्तिकरण ऐन मार्फत दलित विकास समिति मधेस प्रदेह गठन सातवटै प्रदेश भन्दा पहिला ऐन ल्याएर समिती गठन गरेर वाहिवाही कमाएका मधेस प्रदेश नै पहिलो नम्बरमा हो। दलित शसक्तिकरण ऐनले मधेस प्रदेशमा दलित समुदायमाथि भईरहेको जातिय विभेद छुवाछुत तथा मानवअधिकार हननका घटनामा तदारुकताको साथ न्यायमा पहुँच अभिवृद्धि सगँ सगै जातिय र भेदभाव अन्त्यको र न्याँयमा पहँच हुन्छ भन्ने मूल उद्देश्य रही गठन गरिएको दलित विकास समितीको माथि दलित समुदायको अधिकारको उपलब्धिको रुपमा हेरीएपनि कार्यान्वय पक्ष फितलो ले गर्दा दलित समुदायको चिन्ताका् विषय बनेको छ।

**दलित शसक्तिकरण ऐन कार्यान्यनको अवस्था:** देशभरिको प्रदेशमा दलित आन्दोलनको उपलब्धि मधेस प्रदेशमा प्रारम्भएको हर्ष थियो तर समितिको पदाधिकारी को काम गर्ने क्षमता र नेतृत्वको सही तालमेल राम्रो नहुदा दलित शसक्तिकरण ऐन लागु नै गर्न सकेको छैनन्। मधेस प्रदेश प्रदेशको दलित शसक्तिकरण ऐनले मधेस प्रदेशको १३६ वटै पालिकामा पालिका प्रमुखको अध्यक्षतामा जातिय छुवाछुत अनुमन समिती गठन गर्नुपर्ने व्यवस्था भएपनि पालिकामा अधिकासं ठाउँमा समिति गठन गरेको छैनन। स्थानिय सरकारको निती तथा कार्यक्रम र बजेटमा पर्दैन दलित समुदायको उत्थान, विकास, शिक्षा, स्वास्थ्य र रोजगारको मुद्दालाई नै नितीमा ल्याउन चाहदैनन् नगरप्रमुखहरु बाटै। स्थानिय सरकार भनेको स्थानिय पालिकाको कार्यपालिका मा दलित सदस्य रहेपनी उसलाई कार्यपालिका द्धारा गरिएको निर्णयमा हस्ताक्षरभन्दा बढी कुनै अधिकार नै हुदेनन् र दलित कार्यपालिका सदस्यले मुखदर्शक बहुमत पुरयाउने भन्दा केही काम हुदेनन पालिकाद्धारा गरिने निती तथा कार्यक्रम र बजेट सम्बन्धि केही थाहा नैहुदैन कतिपय ठाउँमा सोझै घरमा गएर हस्ताक्षर गराउने गर्दछन।

**मधेसी दलितको पिडा:** नेपाल सरकारको प्रधानमन्त्री कार्यालयको मुख्यसचिवको संयोजकत्वमा जातिय छुवाछुत र भेदभावसम्बन्धि संयन्त्र निर्माण गरेको थियो तर गठनमै सिमीत रहयो कार्यान्वयन भएन। त्यसतै प्रत्येक जिल्लामा जिल्ला प्रहरी कार्यालय अन्तरगत दलित सेलको गठन गर्ने प्रावधान रहेपनि सकृय, प्रभावकारी र विस्तार हुनसकेन। सरकारी संयन्त्रहरु सकृय हुननसकेपछि जसका कारण जातिय विभेद तथा छुवाछुतको अन्त्य हुन सकेन। राज्यको संयन्त्रमा सकृय, प्रभावकारी नहुनु दलित समुदयाप्रति जिम्मेवारी नहुनुले दिनप्रति दिन दलित समुदायहरु अन्याय पर्ने गरिन्छ। दलित समुदायमाथि हिंसाहुदापनि उसको मुद्धा दर्तानै हुदैन मुद्धा दर्ताभएपनि अनुसन्धानमा उच्च जातिको प्रभाव रहन्छ र दलित समुदाय न्याँय पाउँदैनन् र न्याँय प्रकृयामै उल्झिन्छ र ठगिन्छ। दलित समुदायको शैक्षिक र आर्थिक पक्ष एकदमै कमजोर रहेकोले पनि न्याँय पाउन सकिरहेको हुदैन। दलित समुदायम माथि हुने दर्जनै घटनामा नेता र प्रहरी प्रशासनको दलित विरोधि भुमीकाले गर्दा न्याँय पाउन सकेन। मधेस प्रदेशका धनुषाका शम्भु सदा, सप्तरीका पूजाकमारी राम, सिरहा नवराजपुर की आनन्दी देवी सदा, सिरहा नवराजपुरकी रिंकु सदाय, सप्तरीका मलरा सदाय, सुकदेव खंग(मंडल), ज्योति पासमान र त्रिभुवन राम, सिरहाका रोसन राम, सावीत्री कुमारी महर र श्यामलाल महरा, धनुषाका रुपेस सदाय, राजु सदा, विगुल पासमान, अमेरीका कुमारी दास, रुपन्देहीका अंगिरा पासी, माधव मुसहर, जानकी मुसहर र पोषराज मुसहर, मोरंगका राजदेव ऋषिदेव, उर्मिला ऋषिदेव, र रुपम कुमारी दास महोत्तरीका अमृता सदा, रौतहटका निरन्जन राम, विजय राम र मित्रा देवी बैठा जस्ता सयौ घटनाहरुमा न्याय नपाएकोले यसबाट पुष्टि हुन्छ।

जातिय छुवाछुतको घटनाको मुद्धा दर्ता नै हुदैनन दर्ता गर्न आलटाल गर्ने, दर्ता गर्नका लागि राजनितिक, कथित उचच जातिय ,समाजिक ,

बाँकी पृष्ठ ३

# आजको राशिफल

**मेष :** आज तपाईंको पराक्रम, हिम्मत र उत्साहमा वृद्धि हुनेछ। छोटो दुरीको फलदायी यात्राको योग बनेको छ।

**बृष :** रोकिएको धन फिर्ता आउने वा नयाँ आम्दानीको स्रोत फेला पर्ने बलियो योग छ।

**मिथुन :** चन्द्रमा आफ्नै राशिमा गोचर गर्ने भएकाले शारीरिक रूपमा स्फूर्ति र मानसिक रूपमा प्रसन्नता कायम रहनेछ।

**कर्कट :** आज चन्द्रमा द्वादश भावमा रहने भएकाले खर्चको मात्रा केही बढ्न सक्छ।

**सिंह :** आम्दानीका विभिन्न स्रोतहरू फेला पर्नेछन् र आर्थिक स्थिति सुदृढ हुनेछ।

**कन्या :** आज चन्द्रमा दशम (कर्म) भावमा रहनेछन्। कार्यक्षेत्र र राज्यपक्षबाट पूर्ण सहयोग तथा लाभ मिल्ने दिन छ।

**तुला :** आज चन्द्रमा भावमा रहनेछन्। लामो समयदेखि रोकिएका धार्मिक वा मांगलिक कार्यहरू अगाडि बढ्नेछन्।

**वृश्चिक :** आज चन्द्रमा अष्टम भावमा गोचर गर्ने भएकाले अलि सावधानी अपनाउनुपर्ने देखिन्छ।

**धनु :** दाम्पत्य जीवन सुखमय रहनेछ। जीवनसाथी वा व्यावसायिक साझेदारको पूर्ण सहयोगले ठूला योजनाहरू सफल हुनेछन्।

**मकर :** तपाईंको कार्यक्षमता र आत्मविश्वास उच्च रहनेछ। पुराना ऋण, रोग वा कानुनी विवादहरूबाट मुक्ति मिल्ने योग छ।

**कुम्भ :** बौद्धिक र रचनात्मक कार्यमा रुचि बढ्नेछ। विद्यार्थी वर्गका लागि अध्ययनमा विशेष सफलता मिल्ने दिन छ।

**मीन :** पारिवारिक वा घरायसी मामिलाले गर्दा मन केही चिन्तित वा विचलित हुन सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# सिरहाका भूमिहीन र सुकुमवासी भन्छन्- हामीलाई लालपुर्जा चाहिन्छ, उठीबास होइन

अपन दैनिक संवाददाता
सिरहा, जेठ २० गते

भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीहरूको आवास र भूमि अधिकार सुनिश्चित गर्न सरोकारवाला संस्थाहरूले सरकारसमक्ष संयुक्त रूपमा ध्यानाकर्षण गराएका छन्।

नेपाल महिला एकता समाज, सामुदायिक आत्मनिर्भर केन्द्र (सीएसआरसी) तथा जिल्ला भूमि अधिकार मञ्च सिरहाले बुधबार जिरोमाइलमा पत्रकार सम्मेलन गरी संविधान प्रदत्त आवास तथा भूमि अधिकारको सम्मान गर्दै प्रभावित समुदायको सम्मानजनक व्यवस्थापन गर्न सरकारसँग आग्रह गरेका हुन्।

पत्रकार सम्मेलनमा सहभागी भूमिहीन तथा सुकुमवासीहरूले आफूहरूलाई विस्थापित गर्ने होइन, बसोबास गर्दै आएको स्थानको लालपुर्जा उपलब्ध गराएर व्यवस्थापन गर्नुपर्ने माग गरेका छन्।

उनीहरूले वर्षौंदेखि बसोबास गर्दै आएका बस्तीमा राज्यले सडक, विद्युत्, खानेपानीलगायतका पूर्वाधार विकास गरिसकेको अवस्थामा उठीबास गराउने निर्णय अन्यायपूर्ण हुने बताएका छन्।

संस्थाहरूले संविधानको धारा ३७ र ४० तथा भूमिसम्बन्धी ऐन, २०२१ (आठौं संशोधन) अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन राज्यको दायित्व भएको स्मरण गराएका छन्।

पछिल्लो समय देशका विभिन्न स्थानमा भइरहेका जबरजस्ती निष्कासनका घटनाले आवास, शिक्षा, स्वास्थ्य र जीविकोपार्जनजस्ता आधारभूत अधिकारमा गम्भीर असर पारेको उनीहरूको भनाइ छ।

पत्रकार सम्मेलनमार्फत वैकल्पिक व्यवस्था नगरी कुनै पनि प्रकारको जबर्जस्ती निष्कासन तत्काल रोक्न, वास्तविक भूमिहीन तथा सुकुम्बासीहरूको लगत संकलन गरी कानुनी प्रक्रिया अनुसार लालपुर्जा वितरण गर्न, जोखिमयुक्त क्षेत्रका परिवारलाई सुरक्षित आवासमा पुनःस्थापना गर्न तथा प्रभावित परिवारलाई राहत र क्षतिपूर्तिको व्यवस्था गर्न माग गरिएको छ।



लहान-१५ की अमृता विश्वकर्माले 'हामीलाई उठीबास होइन, सोही स्थानको लालपुर्जा चाहिएको हो' भन्दै राज्यले विकास गरेको बस्तीबाट नागरिकलाई हटाउन खोज्नु अन्याय भएको बताइन्।

धनगढीमाई-९ मुसहरनियाकी सीता देवी सदायले वास्तविक सुकुमवासी र हुकुमवासीको पहिचान गरी वास्तविक सुकुमवासीलाई लालपुर्जा उपलब्ध गराउनुपर्ने धारणा राखिन्।

त्यस्तै लक्ष्मीपुर पतारी-१ की राजबती मण्डलले नापजाँच सम्पन्न भइसकेको जग्गामा बसोबास गरिरहेका नागरिकलाई अचानक उठीवास गराउने प्रयास स्वीकार्य नहुने बताउँदै सरकारसँग सम्मानजनक व्यवस्थापन र लालपुर्जाको माग गरिन्।

सरोकारवाला संस्थाहरूले संविधान, कानुन तथा मानव अधिकारका सिद्धान्तअनुसार भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीहरूको अधिकार संरक्षण, सम्मानजनक पुनःस्थापना र दिगो व्यवस्थापनका लागि नेपाल सरकारले तत्काल आवश्यक कदम चाल्नुपर्ने माग गरेका छन्।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## सिरहामा ब्राउन सुगरसहित एक ............

थप गरी अनुसन्धान प्रक्रिया जारी रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

घटनामा संलग्न फरार मोटरसाइकल चालकको खोजी तथा पहिचानको कार्यसमेत तीव्र रूपमा अघि बढाइएको प्रहरीले जनाएको छ। साथै बरामद लागुऔषधको स्रोत र सम्भावित सञ्जालबारे पनि अनुसन्धान भइरहेको बताइएको छ। भारतसँग खुला सीमा जोडिएको सिरहामा पछिल्लो समय लागुऔषध ओसारपसारका घटना बढ्दै गएपछि प्रहरीले निगरानी र चेकजाँचलाई थप प्रभावकारी बनाएको जनाएको छ। प्रहरीले लागुऔषध नियन्त्रणलाई प्राथमिकतामा राख्दै यस्ता गतिविधिविरुद्ध अभियान निरन्तर जारी रहने जनाएको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

## मधेशका १६ प्रतिशत बालबालिकामा ..........

मिथिला नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अशोक भण्डारीले अभियानमार्फत गरिएको परीक्षणले सो तथ्य पत्ता लागेको जानकारी दिए। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को मापदण्डअनुसार यो अवस्था संकटपूर्ण मानिन्छ।

मधेश प्रदेशमा कुपोषित तथा शीघ्र कुपोषित बालबालिकाको सङ्ख्या ४४ हजार ६५४ पुगेको छ, जुन कूल परीक्षण गरिएका बालबालिकाको १५.७६ प्रतिशत हुन आउँछ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले गरिबी, अशिक्षा, पोषणसम्बन्धी चेतनाको कमी, सरसफाइको अभाव तथा असन्तुलित खानपान जस्ता कारणले मधेसमा कुपोषणका समस्या जटिल बन्दै गएको बताए। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मधेस प्रदेशका प्रदेश सचिव डा प्रमोद यादवले कृषि उत्पादनमा सम्पन्न मानिने प्रदेशमा बाल कुपोषण उच्च हुनु चिन्ताको विषय भएको जानकारी दिए।

करिब २९ प्रतिशत बालबालिका मधेश प्रदेशमा जन्मिने र नेपालको कुल जनसंख्याको झन्डै २२ प्रतिशत हिस्सा मधेश प्रदेशमा बसोबास गर्छन्।

## छुवाछुत मुक्त घोषणाको २१ वर्ष: मधेसी दलितको .............

वर्गीय शक्तिको दबाव आउने, दर्ता भईहालेपनि राजनैतिक दवाबका कारण अनिर्णयको बन्दि हुने गर्द छ राजनितीक प्रभाव र आर्थिक प्रभावमा परि मुद्धा कमजोर बनाउनु प्रमाण नष्ट गरिदिनु र पिडकलाई उन्मुक्ति पाउने गर्दछ। मधेसमा आफनो पार्टीका कार्यकर्तालाई बचाउन अनेकौ हत्कण्डा अपनाउने गर्छन तर पिडितको पक्षमा वकालतको कुरा त परै जान्छ पिडितलाई सामसुम पारेर गाउँ घरमै अनैको प्रलोभन , धाकधम्की र कुरा नमाने नाकाबन्दी समेत गरेर पिडकपक्षमा वकालत गर्छन। राजनितीक दलको घोषणा पत्रमा मिठा मिठा सपना र आशा हेराएर सत्ता र शक्तिमा पुग्ने र सक्ता र शक्तिमा पुरयाउने समुदायमाथि नै अन्याँय गर्ने राजनितिक दलहरुको झूठो आश्वासन बाँडने खेती भईसक्को छ।

विविधताले भरिएको यस समाजमा समानता, सामाजिक न्याय र मानव अधिकारलाई राज्य व्यवस्थाको मूल आधार मानिएको छ। नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई समानता, सम्मान, अवसर र सुरक्षा प्रदान गर्ने संवैधानिक प्रत्याभूति दिएको छ। विशेषगरी संविधानको धारा १८ ले समानताको अधिकार, धारा २४ ले छुवाछूत तथा जातीय विभेद विरुद्धको अधिकार र धारा ४० ले दलित समुदायको विशेष अधिकार सुनिश्चित गरेको छ। साथै जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ ले जातीय विभेदलाई दण्डनीय अपराधको रूपमा परिभाषित गरेको छ।

यद्यपि कानुनी तथा संवैधानिक व्यवस्था भए तापनि व्यवहारमा दलित समुदाय अझै पनि बहुआयामिक विभेद, सामाजिक बहिष्करण, आर्थिक असमानता र राजनीतिक उपेक्षाको चपेटामा छ। विशेषगरी मधेश प्रदेशका मधेशी दलित समुदायहरू ऐतिहासिक रूपमा संरचनागत रूपमा पछाडि पारिएका समूह हुन्, जसले अझै पनि सम्मानजनक जीवन, समान अवसर र सामाजिक न्याय प्राप्त गर्न संघर्ष गरिरहेका छन्। मधेश प्रदेशका आठ जिल्लामा बसोबास गर्ने !८ प्रतिशत करिब १३ लाख मधेशी दलित समुदाय डोम, चमार/राम, मुसहर, पासवान, तत्मा, खत्वे, धोबी, हलखोर लगायतका जातीय समूहमा विभाजित छन्। उनीहरूको जीवनशैली मुख्यतः भूमिहीनता, श्रम शोषण, न्यून ज्याला र परम्परागत पेशामा निर्भर छ। राज्यका नीति तथा कार्यक्रमहरू भए पनि ती समुदायसम्म प्रभावकारी रूपमा पुग्न सक्का छैनन्।

**संविधानमा दलित सम्बन्धि कानुनी व्यवस्था:** नेपालमा दलित समुदायको अधिकार संरक्षणका लागि बलियो कानुनी तथा नीतिगत संरचना रहेको छ, जसले समानता, सामाजिक न्याय र विभेदरहित समाज निर्माणको आधार प्रदान गर्दछ। नेपालको संविधान २०७२ ले दलित समुदायको अधिकारलाई स्पष्ट रूपमा मान्यता दिएको छ। विशेषगरी धारा १८ ले सबै नागरिकलाई समानताको अधिकार सुनिश्चित गरेको छ, जसअनुसार जात, धर्म, लिङ्ग वा सामाजिक अवस्थाका आधारमा कुनै पनि प्रकारको विभेद गर्न पाइँदैन। धारा २४ ले छुवाछूत तथा जातीय विभेदलाई पूर्ण रूपमा निषेध गर्दै यसलाई दण्डनीय अपराधको रूपमा स्थापित गरेको छ। त्यस्तै, धारा ४० ले दलित समुदायका लागि विशेष अधिकारहरूको व्यवस्था गर्दै शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा विशेष अवसर प्रदान गर्ने राज्यको दायित्व स्पष्ट गरेको छ। यद्यपि यी संवैधानिक प्रावधानहरू व्यवहारमा पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा दलित समुदायले अपेक्षित लाभ प्राप्त गर्न सकेका छैनन्।

**दलित समुदायको अगामी कार्यभार:** २०७२ सालको संविधानमा समाजवादी नेपालको परिकल्पना गरिएको हो। समाजवादी व्यवस्थामा जाने सवैपक्षले स्वीकार्य गरीसवको छ। समाजवादी व्यवस्थामा छुवाछुक्त मुक्त राष्ट निर्माणमा अवरोध श्रृजना हुनेभएको ले छुवाछछुक्त मुक्त समाज निमार्ण गर्नु पर्ने छ अन्यथा समाजबादको सपना संविधानको पानामा मात्र सिमित हुनेछ। छुवाछुत मुक्त विना गाउँ, नगर, जिल्ला, प्रदेश र संघ सम्बृद्ध र सुखी नेपाली हुनसकिदैनन्। छुवाछुतको समस्या दलितको मात्रै होइन यो सम्पूर्ण नेपालीको समस्या हो सुखी नेपाली र समृद्ध नेपालको बाधकको रुपम लिन जरुरी छ। अव राज्यले दलित मुखी, पिडीतमुखी, निश्पक्ष न्याय प्रशासनको पुनःसंरचना हुन पनि आवश्यकता छ। नेपालमा जेन्जी आन्दोलन पश्चात सम्पन्न गरिएको निर्वाचन मार्फत रास्वपा पार्टी को नेतृत्वमा बहुमतको सरकार गठन भएको छ। रास्वपा पार्टीको प्रत्यक्ष र समानुपातिक सिटमा मधेसी दलित समुदायबाट एकजनापनी सांसद भएको छैनन। मधेसी दलित समुदायको प्रतिनिधित्व नहुनु दुखद हो। वर्तमान सरकारद्धारा घोषणा गरिएको दलित समुदाय सँग छमायाचन गरेको सस्तो लोकप्रियता कैलागि हो बुझन सकिन्छ। बहुमतको सरकारले संविधान संशोधन गर्ने चर्चा चलिरहेको समयमा मधेसी दलित समुदायले चनाखो भएर आफनो मुद्धा लाई सवैधानी हक अधिकारको रुपमा स्थापीत गराउन चुकनूभएन त्यसकालागि दलित समुदाय सचेत, संगठित र संघर्ष गर्नुपर्ने अति आवश्यक देखीन्छ।

राज्य, राजनीतिक दल, स्थानीय सरकार, नागरिक समाज, सञ्चार माध्यम तथा समुदाय सबै सरोकारवालाहरूबीच समन्वित र दीर्घकालीन प्रयास अपरिहार्य देखिन्छ। नीतिगत सुधारसँगै कार्यान्वयन पक्षलाई मजबुत बनाउनु, जवाफदेहिता सुनिश्चित गर्नु र सामाजिक चेतना अभिवृद्धि गर्नु समान रूपमा आवश्यक छ। जातीय विभेद र छुवाछूतको अन्त्य केवल कानुनी प्रावधानको विषय मात्र नभई सामाजिक सोच, व्यवहार र संरचनात्मक प्रणालीको रूपान्तरणसँग सम्बन्धित गहिरो सामाजिक अभियान हो। त्यसैले सबै तहका सरोकारवालाहरूले साझा प्रतिबद्धता, सहकार्य र निरन्तर प्रयासमार्फत मात्र समतामूलक समाज निर्माण गर्न सकिन्छ। अन्ततः, जातीय विभेदमुक्त समाज निर्माणको लक्ष्य प्राप्त गर्न सम्मान, समानता र न्यायलाई व्यवहारमा रूपान्तरण गर्नु अनिवार्य छ। मधेशी दलित समुदायको सम्मानजनक जीवन, समान अवसर र सुरक्षित भविष्य सुनिश्चित गर्न राज्यको दृढ राजनीतिक इच्छाशक्ति, प्रभावकारी कानुन कार्यान्वयन र सामाजिक रूपान्तरणमुखी अभियान आवश्यक छ। यही सामूहिक प्रयासले मात्र समावेशी, न्यायपूर्ण र समानतामूलक समाजको परिकल्पना साकार पार्न सकिन्छ।

**लेखकः दलित विकास मञ्च गोलबजार सिरहाका कार्यकारी निर्देशक छन।**

## अनुगमनको खबर फैलिनासाथ मिर्चैया बजारका .............

कमजोर रहेको संकेत गर्छ। उनीहरू भन्छन्, "यदि व्यवसाय कानुनअनुसार सञ्चालन भएको छ भने अनुगमनबाट डराउनुपर्ने कुनै कारण हुँदैन।"

व्यापार क्षेत्रका जानकारहरूका अनुसार स्वस्थ प्रतिस्पर्धा, उपभोक्ता संरक्षण र गुणस्तरीय वस्तुको सुनिश्चितताका लागि नियमित बजार अनुगमन अपरिहार्य छ। तर अनुगमन केवल औपचारिकतामा सीमित नभई कानुन उल्लंघन गर्नेहरूलाई प्रभावकारी कारबाही गर्नुपर्ने उनीहरूको सुझाव छ।

स्थानीय उपभोक्ताहरूले पनि बजार अनुगमनलाई निरन्तर, निष्पक्ष र पारदर्शी बनाउन माग गरेका छन्। उनीहरूका अनुसार चाडपर्वका बेला मात्र होइन, वर्षभरि नियमित निगरानी भएमा कालोबजारी, नक्कली वस्तुको कारोबार तथा उपभोक्ता ठगी नियन्त्रण गर्न सहज हुनेछ।

मिर्चैयामा भएको पछिल्लो घटनाले उपभोक्ता हित संरक्षण, व्यवसायिक उत्तरदायित्व र बजार अनुशासनको अवस्थामाथि पुनः बहस सुरु गराएको छ। अब अनुगमनबाट प्राप्त तथ्यका आधारमा सम्बन्धित निकायले कस्तो कदम चाल्छन् भन्ने विषयलाई स्थानीयवासीले चासोका साथ हेरिरहेका छन्।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका



२१ जेठ ०८३ बिहीबार
www.apandainik.com
अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# मधेशका खुद्रे योजना: मन्त्री क्वार्टरमै कर्मचारीबीच झगडा




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ २० गते**

गत २ जेठमा मधेश प्रदेशकी तत्कालीन शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारी शर्माको क्वार्टरमा दुई कर्मचारीबीच योजना कार्यान्वयनबारे विवाद भयो। मन्त्री तिवारी र सचिव दिलिपकुमार ठाकुरकै अगाडि अश्लिल शब्दमा एकअर्काबीच गालीगलोज मात्र भएन, हात हालाहालकै स्थिति बन्यो।

यो विवाद शिक्षा इकाइमा कार्यरत अधिकृत लक्ष्मण राम र मन्त्रालयका लेखा अधिकृत सुशीलकुमार यादवबीच भएको थियो। विवादको विषय थियो- रेडबुकमा रहेका तालिम, गोष्ठी, सडक नाटक जस्ता खुद्रे कार्यक्रम कार्यान्वयन कसरी गर्ने।

अधिकृत रामको तर्क थियो- तालिमहरू पत्रपत्रिकामा विज्ञापन गरेर मात्र सञ्चालन हुनुपर्छ। मन्त्रालयले भने गोप्य रूपमै सञ्चालन गर्न चाहेको थियो। यही विषयमा भनाभान हुँदै दुई कर्मचारीबीच गालीगलोजसँगै हात हालाहालको स्थिति सिर्जना भएको थियो।

शिक्षा तथा संस्कृति मन्त्रालयमा तालिम, गोष्ठी, सडक नाटक जस्ता खुद्रे योजना ७ करोड रुपैयाँ हाराहारीमा छन्। यस्ता योजनाहरू विगतमा पनि मन्त्री, सचिवदेखि तल्लो तहका कर्मचारीसम्मको मिलेमतोमा व्यक्ति वा फर्मलाई कमिसन लिएर बेच्ने गरिएको आरोप लाग्दै आएको छ।

लेखाअधिकृत यादवले आफूहरूबीच योजना कार्यान्वयनका लागि कुनै विवाद नभएको दाबी गरे। 'हामीबीच योजना कार्यान्वयनको विषयमा कुनै विवाद भएको छैन। विधिवत् टेन्डर निकालेर योजना कार्यान्वयन गर्न लागिएको हो,' उनले दाबी गरे।

मन्त्री क्वार्टरमा भएको घटनापछि इकाइ अधिकृत रामको जेठ ६ गते अचानक शिक्षा विकास निर्देशनालयमा सरुवा भयो। उनको स्थानमा अर्को अधिकृत किशोरी कापरलाई जिम्मेवारी तोकियो।

'मलाई गोप्य रूपमा यस्ता योजना सञ्चालन गर्न दबाब दिइएको थियो। मैले त्यसो नगर्ने भनेपछि विवाद भएको थियो,' अधिकृत रामले भने, 'मेरो किन सरुवा भयो, उहाँहरूलाई नै थाहा होला।'

तत्कालीन मन्त्री तिवारीले पनि मन्त्रालयकै इकाइ शाखाका कर्मचारीबीच विवाद भएको स्वीकारेकी थिइन्। मन्त्रालयका सचिवले भने विवाद नभएको जिकिर गरेका थिए। कर्मचारी सरुवा नियमित रहेको उनीहरूको तर्क थियो।

तालिम र गोष्ठीका योजनाहरू कार्यान्वयन गर्ने उद्देश्यले नै मन्त्री, सचिवको सहमतिमा रामको सरुवा भएको थियो। तर जेठ ७ गते सत्ता समीकरण फेरिएपछि जसपा नेपालबाट मन्त्री रहेकी तिवारी बर्खास्तीमा परिन्।

अहिले नेकपा एमालेबाट मनोजकुमार सिंह शिक्षा तथा संस्कृति मन्त्री छन्। मन्त्रालय त्यस्ता तालिम, गोष्ठी जस्ता योजनाहरू कार्यान्वयनको लागि अघि बढेको छ। विवादपछि थाती रहेका खुद्रे योजनाहरू कार्यान्वयन गर्न मन्त्रालयले मंगलबार सूचना प्रकाशित गरेको छ। ११ वटा यस्ता योजना कार्यान्वयन गर्न प्रस्ताव पेसको लागि मन्त्रालयले निकालेको १५ दिने सूचनामा १० लाखका ८ वटा, ९ लाखका २ वटा र ८ लाखको एउटा योजना छन्।

वर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादव भने यस्ता योजनाहरू कार्यान्वयन नगर्नेमा थिए। मधेश प्रदेश सरकारको चालु आर्थिक वर्षमा बजेट घाटा १२ अर्बभन्दा बढी रहेकोले प्रत्येक योजनामा २० प्रतिशत कटौती गरेर कार्यान्वयन गर्न र चल्न नसक्ने, औचित्यहीन र टुक्रे योजनाहरूलाई समर्पण गर्न अर्थ मन्त्रालयले पत्राचार नै गरेको थियो।

तर, केही मात्रामा मात्र कार्यान्वयन भयो। आर्थिक वर्षको अन्त्यमा आएर यस्ता खुद्रे र औचित्यहीन योजनाहरू कार्यान्वयन गर्न मन्त्रालय अग्रसर भएको छ।

मन्त्रालयको स्वीकृत बजेट रहेकाले कार्यान्वयनमा अगाडि बढेको मन्त्रालयका सचिव दिलिप ठाकुरले बताए।

'यो स्वीकृत बजेट हो। केही दिन अघिसम्म बजेट अर्थ मन्त्रालयमै पीएलआईएमबीएसमा लक थियो। खुलेपछि कार्यान्वयन गर्न लागिएको छ,' उनले भने।

यो मन्त्रालयमा योजना कार्यान्वयनको विषयलाई लिएर सधैं लफडा हुने गरेको छ। योजनाको चिठी बिक्री-वितरण यो मन्त्रालय मात्र होइन, मधेश सरकारका हरेक निकायमा समान्य जस्तै भइसकेको छ।

वैशाख २८ गते यसै मन्त्रालयमा तत्कालीन मन्त्री तिवारी र रौतहटको बौधीमाई नगरपालिकाका मेयर प्रदीप यादवबीच योजनाका 'चिठी बेचेको' विषयलाई लिएर विवाद भएको थियो। मेयर यादवले आफ्नो पालिकाका केही वडाको योजनाको चिठी बेचेको विषयमा गुनासो गर्न जाँदा मन्त्री तिवारीकै कार्यकक्षमा नोकझोक भएको थियो।

## मधेशका मुख्यमन्त्री र जसपा नेपालका सांसदबीच झन्डै ............

अनुसार सहमति खोज्न सभामुखले तीनपटक बैठक बसाए। तर प्रतिपक्षी दलहरूले आयोगमा गरिएको नियुक्ति खारेज गरी मुख्यमन्त्रीले माफी माग्नुपर्ने अडान दोहोर्‍याए।

मुख्यमन्त्रीको भनाइ उद्धृत गर्दै ती सांसदले भने, 'मापदण्डअनुसार नियुक्ति गरिएकाले कुनै पनि हालतमा खारेज हुँदैन, माफी माग्ने कुरा त परै जाओस्।' मुख्यमन्त्रीले त्यसो भनेपछि विवाद उत्पन्न भएको थियो।

प्रतिपक्षी दलका तर्फबाट जसपा नेपालसँगको विवाद बढ्दै जाँदा हात हालाहालसम्मको अवस्था उत्पन्न भएको थियो।

सतारूढ दलका सांसद रामसरोज यादवले जनलोकपाल र लोकसेवा आयोगमा सदस्य नियुक्तिको विषयले अवरूद्ध सदन सञ्चालनका लागि संसदीय दलका नेताहरूबीच बसेको बैठकमा विवाद भएको आफूले पनि सुनेको बताए। 'सहमति खोज्न आ-आफ्ना पक्षका कुरा राख्न यस्ता वैचारिक विवाद भइरहेको हुन्छ, कुनै ठूलो कुरा होइन,' उनले भने।

कांग्रेसकै अर्का सांसद सञ्जय महतोले पनि विवाद भएको पुष्टि गरेका छन्। उनले भने, 'मूलत: प्रतिपक्षी दलले नियुक्ति खारेज गरी मुख्यमन्त्रीलाई माफी माग्नुपर्ने अडान राख्दा वैचारिक विवाद भएको थियो।'

सांसद सञ्जयकुमार यादवले पनि विवाद भएको स्वीकारे। उनले भने, 'ऐन र मापदण्डविपरीत गरिएका नियुक्ति खारेज गरी मुख्यमन्त्रीज्यूले माफी राख्नुपर्ने कुराले दुवै पक्षले आफ्ना कुरा राख्दा भनाभन भएको हो।' दुई पक्षले आफ्नो कुरा राख्दा भनाभन र वैचारिक विवाद हुनु स्वभाविक भएको उनले बताए।

कानुनी व्यवस्थाअनुसार संवैधानिक तथा अर्धसंवैधानिक नियुक्तिका लागि सरकारका तर्फबाट मुख्यमन्त्रीसहित सभामुख र विपक्षी दलका नेता सम्मिलित गठित समितिमार्फत् हुनुपर्ने हो। तर मुख्यमन्त्री यादवले सभामुख र प्रतिपक्षी दललाई जानकारीनै नदिई एकलौटीरूपमा नियुक्ति नियुक्ति गरेको आरोप प्रतिपक्षी दलहरूको छ।

गत जेठ ६ गते जनलोकपाल आयोगको सदस्यमा महोत्तरी औरही नगरपालिका-७ का सञ्जीवकुमार झा, वडा ८ की कुमारी सुजाता विमल र लोक सेवा आयोगमा धनुषा सबैला नगरपालिका-३ का विमला यादवलाई सदस्य नियुक्त गरिएको थियो।

# जनताको पैसाले चल्ने सञ्चारमाध्यमको प्रभावकारिता मूल्याङ्कन गरिन्छ: सञ्चारमन्त्री

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ २० गते**

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले जनताको करबाट सञ्चालित सञ्चारमाध्यमहरूको प्रभावकारिता मूल्याङ्कन गरिने बताएका छन्। मन्त्रालयद्वारा आयोजित विषयगत समितिको बैठकमा बोल्दै मन्त्री तिमिल्सिनाले लोककल्याणकारी विज्ञापन तथा सरकारी अनुदानका नाममा राज्यको स्रोतसाधनको दुरुपयोग भइरहेको हुनसक्ने भन्दै त्यसबारे गम्भीर अध्ययन र मूल्याङ्कन आवश्यक रहेको बताएका हुन्।

उनले अनुदान वा विज्ञापनबाट प्राप्त रकमका आधारमा मात्र सञ्चालन भइरहेका रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाको प्रभावकारिता, उनीहरूको सामाजिक योगदान तथा जनताप्रतिको उत्तरदायित्वको वस्तुगत मूल्याङ्कन हुनुपर्नेमा जोड दिए।

मन्त्री तिमिल्सिनाले भने, 'अनुदान वा विज्ञापनको पैसा लिनका लागि मात्रै सञ्चालन हुने रेडियो, टेलिभिजन र पत्रपत्रिकाको प्रभावकारिता कति छ? यस्ता संस्थाले देश र जनतालाई के फाइदा पुर्‍याएका छन्? यी सबै विषयको प्रमाणमा आधारित अध्ययन हुनुपर्छ।' सरकारले वितरण गर्ने अनुदान तथा विज्ञापनको रकम अन्तत: जनताको करबाट संकलित स्रोत भएको उल्लेख गर्दै उनले जनहितमा काम नगर्ने संस्थाहरूलाई सरकारी स्रोत उपलब्ध गराउन नहुने स्पष्ट पारे।

उनले भने, 'कुनै पनि तहको सरकारले कसैलाई खुसी पार्नका लागि जनताको पैसा बाँड्ने होइन। सञ्चारमाध्यमहरूले जनतालाई सुसूचित गर्ने काम गरिरहेका छन् कि छैनन्, त्यो हेर्नुपर्छ। निरन्तर रूपमा जनतालाई सुसूचित गर्ने मिडियाको क्षमता अभिवृद्धि गर्नु राज्यको दायित्व हो, तर स्रोतको दुरुपयोग गर्नेलाई निर्ममतापूर्वक हेर्नुपर्छ।

बैठकमा मन्त्री तिमिल्सिनाले वर्तमान सरकारको प्रमुख प्राथमिकतामध्ये कानुन निर्माण पनि रहेको बताए। उनले लामो समयदेखि विभिन्न क्षेत्रमा आवश्यक कानुन निर्माणमा भइरहेको ढिलाइप्रति चिन्ता व्यक्त गर्दै अब त्यसलाई तीव्रता दिनुपर्ने आवश्यकता औँल्याए।

उनले भने, 'हामी तीन-चार दशकदेखि किन प्रभावकारी कानुन बनाउन सकिरहेका छैनौं? अब कानुन निर्माणको प्रक्रियालाई व्यवस्थित रूपमा अगाडि बढाउने र संसदलाई त्यसको महत्वपूर्ण थलोका रूपमा विकास गर्ने हाम्रो सोच छ।'

मन्त्री तिमिल्सिनाले समयको आवश्यकता र परिवर्तित परिस्थितिअनुसार कानुन परिमार्जन तथा निर्माण हुनुपर्ने धारणा राख्दै कानुनहरू विकासका बाधक नभई विकासलाई सहज बनाउने माध्यम बन्नुपर्ने बताए।

उनले सञ्चार तथा सूचना प्रविधिसहित विभिन्न क्षेत्रको समग्र विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गरे। विभिन्न तहका सरकारबीच अनुभव, ज्ञान र सफल अभ्यासको आदानप्रदान गर्दै अगाडि बढ्न सके मात्र अपेक्षित परिणाम हासिल गर्न सकिने उनको भनाइ थियो।

## थप १६ सुकुमवासी परिवारलाई .............



प्लास्टर गरिएको छ।

नगर प्रमुख महेशप्रसाद चौधरीका अनुसार, यी घरहरूको आयु ३० वर्षभन्दा बढी हुनेछ। नगरपालिकाले केही दिनअघि लहान-१३ का २० र मंगलबार मात्रै लहान-२२ का २४ दलित सुकुमवासी परिवारलाई यस्तै घर हस्तान्तरण गरेको थियो।

**बिजुलीको सुरक्षित प्रयोग गरौं।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

**सावधानी अपनाऔं, सुरक्षित रहौं।**

**कल्याणपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर**
मधेश प्रदेश, सिरहा (नेपाल)

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व-उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

**विविधतामा एकता भन्ने भावना विकास गरौं।**

**लक्ष्मीपुर पतारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी**
मधेश प्रदेश, सिरहा (नेपाल)

**सडक सुरक्षा**

**रात होस् वा दिन, नियम पालना,**
**सुरक्षित यात्रा हाम्रो कामना**
**मादक पदार्थ सेवन गरी गाडी नकुदाऔं, आफ्नो र अरुको ज्यान बचाऔं।**

**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**